VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)



सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति



BRILLIANT COACHING
Admisson for New Batch is going on !!!
1. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 1 Year (2018 Exams)
2. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 2 Years (2019 Exams)
3. Boards (X & XII ) - ICSE/ISC/CBSE
Gangtok: 03592-201090/97332 97367
Siliguri: 0353-2576611/74070 80453



वर्ष - १८, अंक - १२८ ■ वि.सं. २०७४, असार २७ गते ■ गान्तोक, मंगलवार ११ जुलाई, २०१७ ■ www.hamroprajashakti.com ■ JULY 11, 2017, TUESDAY, GANGTOK ■ मूल्य ₹ ५/-


## पाचेमा भयावह पैह्रो, पाँचवटा भवन ध्वस्त

### ६ जना घाइते, प्रशासन जुट्यो राहत कार्यमा

**पाकिम, १० जुलाई।** पूर्व सिक्किमको पाकिम बजार छेउ पाचेमा भयावह पैह्रो गएको छ। सोमबार बिहान लगभग ८ बजेर ३० मिनेटमा अचानक सड़कमाथिबाट पैह्रो आउँदा पाँचवटा आवासीय भवन पूर्ण रूपमा ध्वस्त बनाएको छ। यस घटनामा कसैको ज्यान नगए तापनि छःजना घाइते भएका छन्। घाइतेहरूमा एक नाबालिक पनि सामेल रहेको थाहा लागेको छ। घाइतेहरूको उपचार स्थानीय पाकिम पीएचसीमा चलिरहेको छ। घाइतेहरूको पहिचान सुजाता छेत्री (४३), चन्द्रकला सुब्बा (८०), शशिकला गुरूङ (५२), केबी गुरूङ (५५), दिलकुमारी राई (३५) र अभिषेक राई (१३) को रूपमा भएको छ। घाइतेहरूमा चन्द्रकला सुब्बाको स्थिति गम्भीर रहेको बताइएको छ। उनलाई पाकिम पीएचसीबाट गान्तोक रेफर गरिएको छ। अहिलेसम्म केबी गुरूङ, भक्त बहादुर गुरूङ, सीके सुब्बा, विष्णु भक्त शर्मा र मनिस अग्रवालको घर पूर्ण रूपले ध्वस्त बनेको। अचानक यसरी पैह्रो आएको कारण घरका न त मालिक न त किरायदार कसैले पनि आफ्नो एउटै सामान पनि बाहिर निकाल्न पाएनन्। सबै आवश्यक कागज पत्र र सामानहरु पैह्रोको चपेटमा परेर सकियो। नानीहरुको स्कूलको खाता किताब लगायतका सबै कुराहरु स्वाह पारेको छ। पैह्रोले घरबाहेक सड़कमा पार्किङ गरेर राखिएको वाहनहरु पनि बगाएर लगेको छ। प्रशासनले पैह्रोले बगाएको घरबाहेक वरपरको २० वटा घर खाली गराएको छ। प्रभावित परिवारलाई पीडब्लुडी गेस्ट हाउस, कम्युनिटी हल, आरडीडी क्वाटर आदिमा सारिएको छ।



घटनाको सूचना पाएपछि स्थानीय प्रशासन, पुलिस र एनडीआरएफका जवानहरू तत्कालै घटनास्थलमा पुगेर राहत कार्यमा जुटे। पाकिम पुलिस, अग्निशमन एवं आपतकालीन कार्मिक, एनडीआरएफ, वन विभाग तथा स्थानीय मानिसहरूको संयुक्त रूपमा राहत एवं उद्धार कार्य चलिरहेको छ। पैह्रोको कारण लगभग २० वटा बिजुली खम्बा ढलेको तथा पानीका पाइपहरू भत्किएकोले क्षेत्रमा बजुली र पिउने पानीको समस्या देखा परेको छ।

घटनाको सूचना पाएपछि क्षेत्र विधायक तथा मन्त्री डीटी लेप्चा पनि घटनास्थलमा पुगेका थिए। मन्त्रीले घटनाको जायजा लिएपछि तत्कालको राहतको निम्ति सबै आवश्यक पहल गर्ने तथा कुनै कमी नछोड़ने स्थानीय प्रशासन र एनडीआरएफलाई निर्देश दिएका छन्। घटनाको जायजा लिन एडीजी अक्षय सचदेव, जिल्लापाल प्रभाकर वर्मा, एसपी पूर्व तेञ्जिङ लोडेन, एडीसी रोशनी राई, महकुमा अधिकारी यादव कृष्ण शर्मालगायत अन्यहरू घटनास्थलमा पुगेका थिए।



## विस्थापित परिवारलाई राहतको व्यवस्था गरिनुपर्ने माग

**गान्तोक, १० जुलाई:** आज बिहान पाकिम बजार छेउ पाचेमा त्रासदीपूर्ण पहिरोले पाँचवटा घर ध्वस्त हुनका साथै लगभग एक दर्जन घरहरूलाई क्षति पुगेको घटना सामु आएको छ। पाचेका बासिन्दाले त्रासदी झेल्नु परेकोमा अनि यस आपदतकालिन स्थितिमा एसकेएम पार्टीले पीड़ित परिवारको साथमा खड़ा भएर ईश्वरसँग यस्तो घटना फेरि नदोहोरियोस् भनी प्रार्थना गरेको छ।

यस घटनालाई लिएर प्रशासनले जुन फुर्तीपन देखाउँदै राहत अनि बचाउ कार्यमा तत्काल लागि परेको थियो त्यसमा एसकेएम पार्टीले पाकिम खण्ड प्रशासनको सराहना गरेको छ। यसका साथै सरकारले हाल विस्थापित भएका मानिसहरूलाई सही राहत सेवाको व्यवस्था गर्नुपर्छ तथा क्षतिपूर्तिको पनि चाँड़ो व्यवस्था गर्नुपर्छ भनी एसकेएम पार्टीले सरकार समक्ष माग गरेको छ। यसरी नै एसकेएम पार्टीको पक्षबाट हुने यथा सम्भव सहयोग पुऱ्याउने आश्वासन दिएको छ।

## आज गोर्खाल्याण्ड मुभमेन्ट को-अर्डिनेशन कमिटीको बैठक

**दार्जीलिङ १० जुलाई:** गोर्खाल्याण्ड मुभमेन्ट को-अर्डिनेशन कमिटीको बैठक भोली मंगलबार मिरिकमा हुने भएको छ। गत ५ जुलाईको दिन कालेबुङको पेदोङमा भएको गोर्खाल्याण्ड मुभमेन्ट को-अर्डिनेशन कमिटिको बैठकले चल्दै गरेको बन्दलाई जारी राख्ने यसका साथै आन्दोलनलाई अझ प्रभावषाली बनाउन को-अर्डिनेशन कमिटिको थप तीनवटा उप समितिहरूको गठन गरेको थियो अनि अर्को चरणको बैठक आगामी १८ जुलाईको दिन गरिने मिति तय गरिएको थियो तर हिजो आइतबार गोर्खाल्याण्ड मुभमेन्ट को-अर्डिनेशन कमिटीमा सामेल भएका राजनीतिक दलहरू, समाजिक संघ-संस्थाहरूलाई १८ जुलाईको साटो भोली ११ जुलाई ११ बजी मिरिकमा बैठक हुने सूचना दिएको गोरामुमो केन्द्रीय प्रवक्ता नीरज जिम्बाले बताएका छन्। बैठकको मिति यसरी परिवर्तन गरिनुबारे सोधिएको प्रश्नको जवाफमा जिम्बाले यसबारे आफु अनभिज्ञ रहेको बताए।

## आन्दोलनलाई अझै प्रभावशाली बनाउने नीति तय होस्: विधायक राई



**दार्जीलिङ १० जुलाई :** अलग राज्य गोर्खाल्याण्ड गठन नभएसम्म यसरी नै राज्य गठनको माग उठिरहने दार्जीलिङका विधायक अमरसिंह राईले बताएका छन्। स्थानीय दार्जीलिङ प्रेस गिल्डमा पत्रकारहरूलाई सम्बोधन गर्दै विधायक अमर सिंह राईले बंगालसँग गोर्खाहरूको केही मिल्दैन त्यसकारण गोर्खाहरूले विगत धेरै साल अघिदेखि छुट्टै राज्य गोर्खाल्याण्ड गठनको माग गर्दै आइरहेका छन्। सरकारले गोर्खाहरूको यस मागलाई गम्भीरतापूर्वक लिनुपर्ने उनले माग गरे। एक प्रश्नको जवाफमा राईले विगतको गोर्खाल्याण्ड आन्दोलनहरूमा पनि धेरैजना गोर्खाल्याण्ड समर्थकहरूले प्राणको आहुति दिएका थिए अनि अहिले चल्दै गरेको आन्दोलनमा पनि अहिलेसम्म ६ जना गोर्खाल्याण्ड समर्थकहरूले प्राणको आहुति दिइसकेका छन्। विगत धेरै दिनदेखि चल्दै आइरहेको आन्दोलनमाथि अहिलेसम्म केन्द्र सरकारले एक शब्द पनि बोलेको छैन भन्ने प्रश्नको जवाफमा विधायक राईले दार्जीलिङका सांसद सुरेन्द्र सिंह आलुवालियासँग आफुहरू सम्पर्कमा रहेको बताउँदै सांसद आहुवालियाले यहाँको ताजा स्थितिहरूको जानकारी केन्द्रीय गृहमन्त्री राजनाथ सिंहलाई जनाउँदै आइरहेको अनि उनले प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि यसबारे अवगत गराउने वचन दिइसकेको जानकारी दिए।

हिजो आइतावार साँझतिर मात्र केन्द्रीय गृहमन्त्री राजनाथ सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीलाई दार्जीलिङको ताजा स्थितिको जानकारी गराएको दिल्लीबाट जानकारी प्राप्त भएको राईले बताए। गोर्खाल्याण्ड मुभमेन्ट को-अर्डिनेशन कमिटीको सन्दर्भमा सोधिएको प्रश्ननको जवाफमा विधायक राईले भने को-अर्डिनेशन कमिटीमा रहेका दलहरू एवं संघ-संस्थाहरूमा संयुक्त रूपमा विचार विमर्शहरू ठीक नभएको र कार्यक्रमहरू राम्रो नभएको हुनसक्ने आशंका जनाउँदै भोलि मंगलबार हुने को-अर्डिनेशन कमिटीको बैठकले जनताको सोच अनि विचारहरूलाई ध्यानमा राख्दै साथै छुट्टै राज्य गोर्खाल्याण्डको आन्दोलनलाई अझ प्रभावशाली बनाउने कार्यक्रमहरूको तयारी गरोस् भन्ने अपील

▶ रहल पाता २-मा

## देशका २८ राज्यहरूको समर्थन लिएर गोर्खाल्याण्ड बनाउनेछौंः सामुएल गुरुङ

**कालेबुङ १० जुलाई।** 'बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले गोर्खाल्याण्डको आन्दोलनमा अन्तरराष्ट्रिय हात छ भन्ने जुन आरोप लगाएकी छन् त्यसको प्रमाण दिनुपर्छ। देशको रक्षा गर्नेहरूले आफ्नो संवैधानिक अधिकार माग्दा अन्तरराष्ट्रिय सम्बन्ध छ भन्ने मुख्यमन्त्रीको गैर जिम्मेवारी बयानको हामी घोर विरोध गर्दछौं' उक्त कुरा पथसभालाई सम्बोधन गर्दै सामुएल गुरुङले भनेका हुन्। अनिश्चितकालीन बन्दको २६ औं दिन पानी झरीमा पनि मानिसहरू सडकमा ओर्लिएर छुट्टै राज्य गोर्खाल्याण्डको पक्षमा नाराबाजी गरेका थिए। जुलूसले शहर परिक्रमा गरिसकेपछि डम्बरचौकमा आइपुगेर पथसभामा परिणत भएको थियो। यसैक्रममा पथसभालाई सम्बोधन गर्दै गोजमुमो केन्द्रिय सह सचिव सामुएल गुरुङले 'हाम्रो लडाईं बंगाली समुदायसँग नभएर बंगाल सरकारको दमन नीति विरुद्ध हो' भने। 'अब हामी बंगालसँग मुख दुखाउँदैनौ। बंगाललाई जतिनै बुझाए पनि बंगाल सरकारले गोर्खाल्याण्ड राज्य गठनको मुद्दालाई सही भन्ने होइन। अब हामी अन्य २८ वटा राज्यहरूको समर्थन लिएर गोर्खाल्याण्ड राज्य गठन गर्नेछौं' सामुएल गुरुङले भने।

वर्तमान स्थितिमा गोर्खाल्याण्डको मागलाई बंगाल सरकारले बुझ्न नचाहे पनि केन्द्र सरकारले गोर्खाल्याण्ड राज्य गठनको महत्त्व अनि गोर्खाहरूको माग बुझिसकेको दाबी गर्दै गुरूङले भने, केन्द्र अनि अन्य राज्यहरूले हाम्रो आवाज सुन्यो अनि हाम्रो माग बुझ्यो भन्दैमा हामी चुप लागेर भने बस्नु हुँदैन। हामीले हाम्रो गोर्खाल्याण्ड मागलाई अझ तीव्र बनाएर लैजानुपर्छ। बंगाल सरकारले अहिले राज्यको दुइवटा स्थानमा दुइमुखे नीति अप्नाएको कुरा कसैबाट पनि लुक्न नसकेको अनि उक्त कुरा केन्द्रले पनि बुझिसकेको गुरूङले बताए। एकातिर गोर्खाल्याण्ड राज्यको मागमा जुलूस गरिरहेका जनसाधारणमाथि सोझै गोली चलाएर मार्ने काम गरिरहेको राज्य सरकारले अन्य स्थानमा भने अलगै नीति अप्नाएको आरोप लगाए। 'दार्जीलिङमा जुलूसमा हिंडिरहेका जनसाधारणमाथि किन सोझै गोली चलाइदैछ यो प्रश्न संसदमा पनि उठ्नुपर्छ' गुरुङले भने।

## मुख्यमन्त्री चामलिङको बयान देशकै निम्ति घातक-एसकेएम




**गान्तोक, १० जुलाई।** मुख्यमन्त्री पवन चामलिङले 'चीन र बंगालबीच स्यान्डविच हुनु सिक्किम भारतमा विलय भएको होइन' भन्ने बयान दिएर गैर जिम्मेवार कार्य गरेको आरोप सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) पार्टीले लगाएको छ। मुख्यमन्त्रीले दिएको उक्त बयानकै कारण सिक्किम आज स्यान्डविच बन्ने स्थितिमा आइपरेको दाबी एसकेएम पार्टीले गरेको छ। विधायक तथा एसकेएम पार्टीका प्रवक्ता कुङ्गा निमा लेप्चाले मुख्यमन्त्री चामलिङको सो बयान देशकै निम्ति पनि घातक रहेको सोमबार एसकेएम पार्टी

### ६० हजार करोड नोक्सानीको श्वेत पत्र जारी गर्नुपर्ने माग

मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा बताए। मुख्यमन्त्रीको बयानकै कारण चीनले पनि प्रोत्साहन पाएर सिक्किमको स्वतन्त्रताको कुरा गरिरहेको उनले दाबी गरे। मुख्यमन्त्रीले आफ्नो बयानमा भारत सिक्किम विलयको कुरा निकाल्ने बितिकै चीन अझ उग्र बनेर देश विरूद्ध बयानबाजी गर्न थालेको उनले दाबी गरे। तथापि, मुख्यमन्त्रीले पछि आफ्नो बयानलाई ढाकछोप गर्ने प्रयास गरे तापनि उनको बयानले अघिबाटै देशलाई नै ठूलो क्षति पुगिसकेको विधायक लेप्चाले बताए। मुख्यमन्त्रीको बयानलाई लिएर देशका प्रधानमन्त्री र गृह मन्त्रीलाी पत्राचार गरिसकेको अनि उचित कार्वाही गर्नुपर्छ भन्ने उनले माग गरे। यस सन्दर्भमा एसकेएम पार्टी प्रधानमन्त्रीलाई पत्राचार गरेको पनि उनले जानकारी दिए। एसकेएम पार्टीका कार्यवाहक अध्यक्ष नवीन

▶ रहल पाता २-मा

## कर्मचारीहरूले अझैसम्म आफ्नो जिम्मेवारी बुझेका छैनन् : मुख्यमन्त्री चामलिङ

**गेजिङ १० जुलाई:** पश्चिम जिल्लाको क्योङसा कन्या वरिष्ठ माध्यमिक विद्यालयको सभा कक्षामा आज जिल्लाका वरिष्ठ अधिकारीलाई लिएर एक समन्वयक सभा सम्पन्न भयो। सभामा राज्यका मुख्यमन्त्री पवन चामलिङ मुख्य अतिथिको रूपमा उपस्थित रहेका थिए भने साथमा मन्त्री, विधायक, पञ्चायत, विभाग प्रमुखहरूको सहभागिता थियो। सभाको प्रथम चरणमा स्वागत सम्बोधन राख्दै पश्चिम जिल्लापाल कपील मिनाले विभिन्न क्षेत्रमा पश्चिम जिल्ला अघि रहे तापनि विभिन्न विभागमा मानव संसाधनको कमी रहेको बताए। आवश्यक कतिपय विभागमा कर्मचारीहरूको कमी रहेको जनाए। उनले दोस्रो शनिबार पहिला झै अवकाश सरकारबाट हुनुपर्ने र अन्य दिन ९ देखि ४ बजीसम्म राख्न सकिने सुझाउहरू राखे। मुख्यमन्त्री पवन चामलिङले यस समन्वयक सभालाई सम्बोधन गर्दै भने, जिल्लापालले राखेका माग सरकारी कर्मचारीलाई खेलकुदको लागि एउटा क्लब हाउस बनाउने वचन दिँदै सरकारी जमीनमा बनाउने त्यसको



लागि भवन तथा आवास विभागले डीपीआर शीघ्र बनाइदिने आदेश दिए। सरकारी कर्मचारी भनेको जनताको सरल प्रकारले काम गर्ने दायित्व हो भने राजनीति गर्ने नेताको जिम्मेवारी जनताको सेवामा समर्पित भएर काम गर्नुपर्ने हो भन्ने सुझाउ दिए। तर आज सरकारी कर्मचारी साथै प्रतिनिधिहरूले आफ्नो जिम्मेवारी अझैसम्म बुझ्न नसकेको कारण समस्य भइरहेको जनाए। पार्टीको जिम्मेवारी भनेको सरकारमा आएपछि घोषणा पत्रको आधारमा राज्यका नागरिकहरूको काम विभाग मार्फत गरि सही रूपमा जिम्मेवारी लिनु हो। हाम्रो व्यवस्था अझसम्म प्रजातान्त्रिकीकरण भएको छैन अब अधिकारीहरूले बनाउनुपर्छ भन्दै सरकारी कर्मचारीहरू प्रजातान्त्रिक व्यावस्थामा अघि बडेर जतिसक्दो सेवा दिनुपर्ने बताए। आ-आफ्नो चौकीबाट सिक्किम र सिक्किमेको भावना राखेर जिम्मेवारीपूर्ण काम गरिदिने उनले आह्वान गरे।

एकाउन्ट सेक्सनमा धैरै दुख भोग्नुपरेको गुनासो आएको कुरा पनि सभामा उठाए। जति पनि विभागमा सरकारी कर्मचारीको कमी छ, विभाग प्रमुखले सचिव लगायत मुख्यमन्त्री कार्यालयमा एक हप्ताभित्रमा जानकारी पठाइदिने आदेश जारी गर्दै पश्चिम जिल्लामा सरकारी कर्मचारीको कमी रहनु हुँदैन भन्दै केही दिनमा सबै पूरा आवश्यकता गरिदिने वचन दिए। उनले अझ भने, सिक्किमको मान्छे भोकले होइन लोभले दुखी भएको छ। सबै विभागले आ-आफ्नो वेबसाइट खोलेर त्यसको माध्यमबाट आवश्यकलाई पहिलो प्राथमिकता दिएर काम गरिदिने बताए।

▶ रहल पाता २-मा

## यो भू-भाग हाम्रो हो यसलाई बंगालदेखि छुट्याउनु पर्छ-आशा मुखिया

**खरसाङ, १० जुलाई।** अलग राज्य गोर्खाल्याण्डको माग निर्णायक मोड़मा पुगेको छ। यसको लागि गोर्खाल्याण्ड प्रेमीहरू एक-बद्ध भएर हाम्रो एकतालाई कायम राख्न आवश्यक छ। उक्त मन्तव्य गोजमुमो नेता योगेन्द्र राईले व्यक्त गरेका हुन्। उनले अलग राज्य गोर्खाल्याण्डको मागलाई प्रभावशाली बनाउने उद्देश्यले यहाँको मोटर स्ट्याण्डमा गोजमुमोद्वारा आयोजित पथ-सभालाई सम्बोधन गरिरहेका थिए।

उनले भने, जाति अनि अस्तित्वको लड़ाईंमा सम्पूर्ण गोर्खा जाति अघि बढ़िरहेको छ। हामी भारतीय संविधान अन्तर्गत कानुनको पालन गर्दै गोर्खाल्याण्डको माग गरिरहेका छौं। यो हाम्रो संवैधानिक माग हो। तर यहाँ हाम्रो मागलाई दबाउनका लागि बंगालको ममता सरकारले कथित षड़यन्त्र गरिरहेको छ। उनले आरोप लगाए, ममता सरकारले यहाँ सीआरपीएफ, पुलिसको नाममा तृणणूल कंग्रेस पार्टीका क्याडरहरूलाई पठाएको छ जसले यहाँका निर्दोष मानिसहरूमाथि गोली ठोक्ने काम गरिरहेको छ। राईले भने, हाम्रो आन्दोलन गणतान्त्रिक ढंगमा भइरहेको छ। हामीले ढुङ्गा-मुड़ा गर्ने र अशान्ति सृष्टि गर्ने काम गरेका छैनौं। यहाँ जे-जति अगणतान्त्रिक क्रियाकलापहरू भइरहेका छन् ती सबै पुलिसको आड़मा तृणमूल समर्थकहरूले गरिरहेका छन्। कारण बंगालमा गणतन्त्र नै छैन। उनले बंगालमा राष्ट्रपति शासन काल़ू गर्ने तथा दार्जीलिङमा गोर्खाल्याण समर्थकहरूमाथि भएको गोलीकाण्डको न्यायिक जाँच गराउने माग पनि केन्द्र सरकारसित गरे।

यसरी नै आशा मुखिया लामाले भनिन्, यो भू-भाग बंगालको होइन, हाम्रो हो। सम्पूर्ण रूपले हाम्रो भू-भागलाई बंगालदेखि छुट्याउनु पर्छ। ऐतिहासिक दस्तावेजको आधारमा प्रस्तावित गोर्खाल्याण्डको भू-भाग हाम्रो हो। हालैमा गोर्खाल्याण्ड आन्दोलनमा शहीद भएका शहीदहरूको आत्मशान्तिको निम्ति पण्डित तुलसी अधिकारीले यसै कार्यक्रममा मन्त्रोच्चारण गर्दै प्रार्थना पनि गरे। उनले भने, भारतको स्वतन्त्रता संग्राममा गोर्खाहरूले महत्वपूर्ण योगदान दिएका थिए। वर्तमानमा गोर्खाल्याण्डको आवाज भारतको प्रत्येक कुनामा गुञ्जयमान भइरहेको छ। गोर्खाल्याण्डको आन्दोलनमा शहीद हुनेहरूलाई हामी कहिल्यै भूल्नेछैनौं। पथसभापूर्व आज पनि अन्य दिनहरू सरह ऱ्याली निकालियो।